# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक ३१० | काठमाडौं | शनिबार, २७ फागुन २०७९ | Prabhab National Daily | Saturday, March 11, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-




**तरकारी खेतीका लागि टनेल** | काठमाडौंको तारकेश्वर नगरपालिका–१, साङलास्थित खेतमा व्यावसायिकरूपमा मौसमी तथा बेमौसमी तरकारी खेती गर्न किसानले निर्माण गरेको टनेल ।
*तस्बिरः हरिराम भेटुवाल/रासस*

# उपराष्ट्रपतिका लागि आज उम्मेदवारी दर्ता

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** राष्ट्रपति चयन भएसँगै मुलुक उपराष्ट्रपति निर्वाचनतर्फ होमिएको छ । उपराष्ट्रपति पदको निर्वाचनका लागि आज उम्मेदवारको मनोनयनपत्र दर्ता हुँदै छ । आगामी चैत ३ गते हुने उपराष्ट्रपति निर्वाचनका लागि आज मनोनयन दर्ताको समय तोकिएको हो ।

निर्वाचन आयोगले अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वरमा स्थापना गरेको निर्वाचन अधिकृतको कार्यालयमा आज बिहान ९ बजेदेखि दिउँसो २ बजेसम्म उम्मेदवारी दर्ता गर्न सक्ने जानकारी दिएको छ । आयोगका अनुसार दर्ता भएका उम्मेदवारको सूची प्रकाशन दिउँसो २ बजेदेखि ३ बजेसम्म, उम्मेदवारको विरोधमा उजुरी दिने दिउँसो ३ बजेदेखि साँझ ६ बजेसम्म रहनेगरी निर्वाचन कार्यक्रम स्वीकृत भएको छ ।

यस्तै मनोनयनपत्र र उजुरी उपर जाँचबुझ गरी निर्णय गर्न आइतबार (फागुन २८ गते) १२ बजे, उम्मेदवारको नामावली प्रकाशन गर्ने सोही दिन १२ बजेदेखि १ बजेसम्म, उम्मेदवारको नाम फिर्ता लिने आइतवार दिउँसो १ बजेदेखि ४ बजेसम्म र उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने सोही दिन ४ बजेदेखि ५ बजेसम्म गर्नेगरी कार्यक्रम तय भएको छ ।

उपराष्ट्रपतिमा मनोनयनपत्र दर्ता गर्दा नवनिर्वाचित राष्ट्रपतिको लिंग वा समुदायभन्दा फरक हुनेगरी दर्ता गर्न निर्वाचन अधिकृतलाई आयोगले शुक्रबार निर्देशन दिइसकेको छ । निर्वाचन अधिकृतलाई दिइएको निर्देशनमा राष्ट्रपति पदमा खस आर्य समावेशी समूहका पुरुष रामचन्द्र पौडेल निर्वाचित भएको उल्लेख गर्दै उपराष्ट्रपतिमा फरक लिंग वा समुदायभन्दा फरक व्यक्ति हुनुपर्ने आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचनसम्बन्धी ऐन, २०७४ अनुसार अब उपराष्ट्रपतिमा फरक लिंग (महिला वा अन्य) वा फरक समुदाय (दलित, आदिवासी जनजाति, मधेसी, थारु वा मुस्लिम)बाट मात्र उम्मेदवार हुनुपर्नेछ ।

> गठबन्धनमा भएको सहमतिअनुसार जसपाले बिहीबार नै संसदीय दलका नेता रामसहायप्रसाद यादवलाई उपराष्ट्रपतिको उम्मेदवार बनाउने निर्णय गरेको थियो । तर, नागरिक उन्मुक्ति पार्टी र जनमत पार्टीले पनि आ–आफ्ना उम्मेदवार अघि सारेका छन् ।

बिहीबार भएको निर्वाचनबाट राष्ट्रपतिमा नेपाली कांग्रेसका वरिष्ठ नेता पौडेल विजयी भएका छन् । आठदलीय गठबन्धनबाट साझा उम्मेदवार बनेका उनले नेकपा एमालेका उम्मेदवार सुवासचन्द्र नेम्बाङलाई पराजित गरेका थिए ।

### साझा उम्मेदवार बनाउने तयारी

राष्ट्रपति निर्वाचनका लागि बनेको आठदलीय गठबन्धनबाट उपराष्ट्रपतिमा पनि साझा उम्मेदवार बनाउने तयारी भएको छ । शुक्रबार आठ दलका दोस्रो तहका नेताहरूको बैठकले साझा उम्मेदवार बनाउने जिम्मा शीर्ष नेताहरूलाई दिने निर्णय गरेको थियो ।

साझा उम्मेदवार बनाउने तयारी गरिरहँदा साना दलहरूले छुट्टा-छुट्टै उम्मेदवार अघि सारेका छन् । गठबन्धनमा यसअघि उपराष्ट्रपति जनता समाजवादी पार्टी (जसपा) लाई दिने सहमति भएको थियो । सोहीअनुसार जसपाले बिहीबार नै संसदीय दलका नेता रामसहायप्रसाद यादवलाई उपराष्ट्रपतिको उम्मेदवार बनाउने निर्णय गरेको थियो ।

तर, नागरिक उन्मुक्ति पार्टी र जनमत पार्टीले पनि आ-आफ्ना उम्मेदवार अघि सारेका छन् । नागरिक उन्मुक्तिले पार्टी अध्यक्ष रञ्जिता श्रेष्ठ (चौधरी)लाई उपराष्ट्रपतिको उम्मेदवार बनाउने निर्णय गरेको छ । शुक्रबार बिहान बसेको पार्टीको संसदीय दलको बैठकले प्रतिनिधिसभा सदस्य श्रेष्ठलाई उपराष्ट्रपतिको उम्मेदवार बनाउने निर्णय गरेको संसदीय दलका प्रमुख सचेतक गंगाराम चौधरीले जानकारी दिए ।

उनका अनुसार उपराष्ट्रपतिको उम्मेदवारका रूपमा अध्यक्ष श्रेष्ठको नाम आठ दलको बैठकमा प्रस्ताव गरिनेछ । श्रेष्ठ कैलाली-१ बाट निर्वाचित सांसद हुन् । तर, उपराष्ट्रपतिको उम्मेदवार बन्न ४५ वर्ष उमेर कटेको प्रावधानका कारण श्रेष्ठले उम्मेदवारी दर्ता गर्न पाउने छैनन् ।

यसैगरी जनमत पार्टीले ममता झालाई उपराष्ट्रपति पदमा उम्मेदवार बनाउने निर्णय गरेको छ । केन्द्रीय कार्यकारिणी समितिको शुक्रबार बसेको बैठकले झालाई उपराष्ट्रपतिको उम्मेदवार बनाउने निर्णय गरेको पार्टीका उपाध्यक्षसमेत रहेका खानेपानीमन्त्री अब्दुल खांनले जानकारी दिए । उनले भने, 'पार्टीका तर्फबाट ममता झालाई उपराष्ट्रपतिको उम्मेदवार बनाउने निर्णय भएको हो, गठबन्धन दलसँग छलफल भएको छैन ।'

जनमत पार्टीकी सप्तरी जिल्ला इञ्जार्ज ५३ वर्षीय झाले सद्भावना पार्टीबाट राजनीति सुरु गरेकी थिइन् । उनी स्थानीय तह चुनावमा राजविराज नगरपालिकाको मेयरमा उम्मेदवार थिइन् ।

### एमालेको सचिवालय बैठक बस्दै

यसैबीच नेकपा एमालेले उपराष्ट्रपति निर्वाचनलगायत समसामयिक राजनीतिक विषयमा छलफल गर्न आज बिहान ९ बजेका लागि सचिवालय बैठक बोलाएको छ । केन्द्रीय कार्यालय च्यासलमा बोलाइएको बैठकमा उपराष्ट्रपतिको चुनावबारे छलफल हुने केन्द्रीय कार्यालय सचिव डा. भिष्म अधिकारीले बताए ।

उपराष्ट्रपतिको चुनावमा उम्मेदवारी दिने वा दिने भन्नेबारे एमालेले निर्णय लिएको छैन । सत्तारुढ आठ दलबीच गठबन्धन हुँदा एमालेका राष्ट्रपति उम्मेदवार नेम्बाङ पराजित भएका छन् । उम्मेदवारी दिने वा नदिने भन्नेबारे पार्टीभित्र अनौपचारिक छलफल चलिरहेको एक नेताले बताए । 'सचिवालय बैठक अगाडि एउटा निष्कर्षमा पुग्छौं, उम्मेदवारी दिने कि नदिने भन्नेबारे अहिले अनौपचारिक कुराकानी भइरहेको छ,' ती नेताले भने ।

प्रधानमन्त्री दाहालविरूद्धको रिट

# सर्वोच्चबाट भएन अन्तरिम आदेश

■ **प्रभाव संवाददाता**

**काठमाडौं-** सर्वोच्च अदालतले प्रधानमन्त्री तथा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालविरुद्ध परेको रिटमा अन्तरिम आदेश दिन अस्वीकार गरेको छ । दाहाललाई पक्राउ गरी अनुसन्धान गर्न माग गर्दै अधिवक्ता ज्ञानेन्द्र आरणलगायतले दर्ता गरेको रिट निवेदनमा शुक्रबार भएको पहिलो सुनुवाइपछि सर्वोच्चले अन्तरिम आदेश दिनु नपर्ने आदेश गरेको हो ।

संक्रमणकालिन न्यायसँग जोडिएको विषयमा रिट निवेदन दर्ता भएको र यस मामिलामा पटक-पटक व्याख्या भएको भन्दै सर्वोच्च अदालतले पूर्ण सुनुवाइपछि मात्रै मुद्दाको कानुनी प्रश्नहरूको निरूपण हुने आदेश गरेको छ । न्यायाधीश ईश्वरप्रसाद खतिवडाको एकल इजलासको आदेशमा भनिएको छ, ' अहिले मागबमोजिम अन्तरिम आदेश जारी हुनेसम्मको पर्याप्त कारण नदेखिएको हुँदा अन्तरिम आदेश जारी गर्न परेन ।'

> ● अग्राधिकार दिई अगाडि बढाउन आदेश
> ● १५ दिनभित्र लिखित जवाफ माग
> ● सामूहिक प्रतिवाद गर्ने माओवादी घटकको निर्णय

यद्यपि, उक्त मुद्दालाई अग्राधिकार दिई अगाडि बढाउने आदेश भएको छ । 'रिट निवेदनमा उठाइएको विषयको महत्त्व, गम्भीरता र संवेदनशीलतातर्फ दृष्टिगत गर्दा प्रस्तुत विषय विषयको निरूपण छिटोरितो रूपमा गर्नु मनासिव देखिएकोले सर्वोच्च अदालत नियमावली २०७४ को नियम ७३ (१) बमोजिम अग्राधिकार दिइएको छ,' आदेशमा भनिएको छ ।

सर्वोच्चले १५ दिनभित्र आफैं उपस्थित भएर वा प्रतिनिधिमार्फत लिखित जवाफ दिन प्रधानमन्त्री दाहाललाई आदेश दिएको छ । 'संक्रमणकालिन न्याय प्रक्रिया लामो समयसम्म टुंगो नलागेको भन्ने विषयको उठान गरी न्याय र परिपूरणसम्बन्धी कानुनी उपचारका सन्दर्भमा प्रस्तुत रिट निवेदन पर्न आएको कुरा निवेदन व्यहोराबाट देखियो । तसर्थ यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? मागबमोजिमको आदेश जारी हुनु नपर्ने भए सोको आधार र कारणसहित बाटोको म्यादबाहेक १५ दिनभित्र प्रत्यर्थी नं. १ ले आफैं वा कानुनबमोजिमको प्रतिनिधिमार्फत र अन्य प्रत्यर्थीहरूले महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नू,' सर्वोच्चको आदेशमा भनिएको छ ।

रिट निवेदनमा निवेदकहरूले द्वन्द्वकालमा भएका हत्याका विषयमा माओवादी अध्यक्ष दाहाललाई जिम्मेवार रहेको आरोप लगाउँदै सर्वोच्च अदालतमा रिट दायर गरेका थिए । माओवादी अध्यक्ष दाहालले एक सार्वजनिक कार्यक्रममा द्वन्द्वकालमा मारिएकामध्ये पाँच हजार जनाको जिम्मा लिन्छु भनी दिएको अभिव्यक्तिलाई उनीहरूले प्रमाणको रूपमा पेस गरेका छन् ।

### सामूहिक प्रतिवाद गर्ने निर्णय

विस्तृत शान्ति सम्झौता तथा विगतमा भएका सहमतिविपरीत राजनीतिक आन्दोलनलाई अपराधीकरण गर्न खोजिएको निष्कर्ष निकाल्दै माओवादी घटकले त्यसको सामूहिक प्रतिवाद गर्ने निर्णय गरेका छन् ।

प्रधानमन्त्रीनिवास बालुवाटारमा शुक्रबार बसेको जनयुद्धकालीन माओवादीका शीर्ष नेता सम्मिलित बैठकले पछिल्ला दिनमा भइरहेका गतिविधिको सामूहिक प्रतिवाद गर्ने र साझा धारणा सार्वजनिक गर्ने निर्णय गरेका हुन् । शान्ति प्रक्रिया र संक्रमणकालीन न्यायका सन्दर्भमा समान धारणाका साथ जनतामा जाने निर्णय गरेको नेकपा माओवादी केन्द्रका महासचिव देवप्रसाद गुरुङले जानकारी दिए ।

बैठकले फागुन २८ गते संयुक्त पत्रकार सम्मेलन गर्ने र फागुन ३० गते संयुक्त अन्तरक्रिया गर्नेसमेत निर्णय गरेको छ । पत्रकार सम्मेलनअघि संयुक्त अपिलसमेत जारी गरिने बताइएको छ । अन्तर्क्रियामा माओवादी घटकका शीर्ष नेताहरूले सम्बोधन गर्ने कार्यक्रम तय भएको छ ।

विस्तृत शान्ति सम्झौताको मर्म र भावनाअनुसार संक्रमणकालीन न्याय र शान्ति प्रक्रियाका बाँकी काम टुंगो लगाउनुपर्ने भन्दै राजनीतिक स्थिरता र स्थायी शान्तिको पक्षमा जनतामा जाने निर्णय पनि गरेको माओवादी केन्द्रका उपमहासचिव जनार्दन शर्माले जानकारी दिए ।

(बाँकी पृष्ठ २ मा)




# 'उच्च शिक्षासम्म सूचना प्रविधिको अध्ययन आवश्यक'



■ प्रभाव संवाददाता

**काठमाडौं-** सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले उच्च शिक्षासम्म सूचना प्रविधिको अध्ययन अनिवार्य गरिनुपर्ने बताएकी छन् ।

११३औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा महिला सुरक्षा दबाब समूहले काठमाडौंमा आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै उनले सूचना प्रविधिको प्रयोग अत्यधिक बढे पनि यससम्बन्धी आवश्यक ज्ञान, सीप र सचेतना नहुँदा प्रविधिको दुरूपयोग बढ्न थालेकाले उच्च शिक्षासम्म सूचना प्रविधिको अध्ययन अनिवार्य गरिनुपर्ने आवश्यकता देखिएको बताएकी हुन् ।

संसारभरि बनेका प्रविधि नेपालमा प्रयोग गरिए पनि यसको प्रयोगसम्बन्धी नीति र कानुनको अभाव देखिएकाले आफ्नो मन्त्रालयले कानुन निर्माणलाई प्राथमिकताका साथ अघि बढाएको उनले बताइन् । 'साइबर सुरक्षासम्बन्धी नीति २०७६ मा बनाएर २०७८ मा संसद्मा पठाइएको रहेछ तर नयाँ चुनावसँगै पुरानो विधेयक निस्क्रिय भयो,' उनले भनिन्, 'अहिले साइबर सुरक्षा नीति बनाउने कार्यलाई तीव्रताका साथ अघि बढाइएको छ, यो पारित भयो भने साइबर सुरक्षा कानुन बनाउने बाटो खुल्नेछ ।'

सामाजिक सञ्जालमा के राख्न हुन्छ, के हुँदैन भन्ने सचेतनाको अभावमा हिंसाका घटना बढ्दै जानु चुनौतीको रूपमा रहेको औंल्याउँदै मन्त्री शर्माले संविधान र कानुनमा उल्लेख भएका व्यवस्थालाई जनजनमा पुऱ्याउन प्रविधिको प्रयोग बढाउनुपर्ने बताइन् । 'अहिले कानुनले पैत्रिक सम्पत्तिमा समान अधिकारलगायत धेरै व्यवस्था गरेको छ,' उनले भनिन्, 'तर, व्यवहारमा छोरीले अंश पाएका घटना विरलै देखिन्छन् । चारवटा छोरालाई सम्पत्ति दिन सकिन्छ भने एउटा छोरी थपिदा पाँच जनालाई पनि अंश दिन सकिन्छ भन्ने हरेक बाआमालाई बोध गराउनुपर्नेछ, यस्ता सचेतनाका लागि पनि प्रविधिको अत्यधिक प्रयोग बढाउनुपर्छ ।'

प्रविधिको प्रयोगमा महिलाको पहुँच बढाउँदै यसको माध्यमबाट महिलाको जीवनस्तरमा परिवर्तन ल्याउनुपर्ने पनि उनले बताइन् । 'प्रविधिको प्रयोगमा महिला-पुरुषको अवस्था के छ ? यसबारे तथ्यांक निकालेर पहुँच बढाउनेतिर ध्यान दिनुपर्छ,' मन्त्री शर्माले भनिन्, 'तल्लो तहमा भएका महिलालाई माथि ल्याउने र माथि पुगेका महिलालाई पुरुषसँग प्रतिस्पर्धा गर्नसक्ने बनाउन पनि प्रविधिको प्रयोग गर्न आवश्यक छ ।'

अहिले महिला मन्त्रीले प्रविधि मन्त्रालय सम्हालेको समयमा केही सुरुआत गर्ने अवसर प्राप्त भएको उल्लेख गर्दै उनले यसमा आवश्यक सल्लाह सुझाव दिन आममहिलाहरूलाई आग्रह गरिन् । नीति कार्यक्रम र बजेट बनाउने बेला भएकाले सूचना प्रविधिमा महिलाको सहभागिता र पहुँच बढाउन आवश्यक सुझावका लागि उनले सबैसँग आग्रह गरिन् ।

# एआइजीमा बढुवाका लागि सिफारिस

**काठमाडौं (प्रस)–** गृह मन्त्रालयले नेपाल प्रहरीको जनपद समूहतर्फको पाँच जना प्रहरी नायव महानिरीक्षक (डिआइजी) लाई प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी)मा बढुवाका लागि सिफारिस गरेको छ ।

शुक्रबार बसेको बढुवा सिफारिस समितिको बैठकले प्रहरी नियमावली २०७१ (संशोधनसहित)को नियम २७ को उपनियम (४) अनुसार पाँच डिआइजीलाई एआइजीमा बढुवाका लागि सिफारिस भएको प्रहरी महानिरीक्षकको सचिवालयका प्रहरी वरिष्ठ उपरीक्षक दीपेन्द्र जिसीले जानकारी दिए ।

यसरी सिफारिस भएकामा मधेस प्रदेश प्रहरी कार्यालयका प्रमुख डिआइजी बसन्तबहादुर कुँवर, लुम्बिनी प्रदेश प्रहरी कार्यालयका प्रमुख डिआइजी टेकप्रसाद राई, बागमती प्रदेश प्रहरी कार्यालका प्रमुख डिआइजी दीपक थापा, कोसी प्रदेश प्रहरी कार्यालयका प्रमुख डिआइजी श्यामलाल ज्ञवाली र प्रहरी प्रधान कार्यालय, आर्थिक प्रशासन तथा प्रबन्ध निर्देशनालयमा रहेका डिआइजी किरण बज्राचार्य छन् ।

सिफारिसमाथि मन्त्रिपरिषद्ले निर्णय गरेपछि बढुवा हुने कानुनी व्यवस्था छ । सिफारिस समितिको संयोजकमा गृहसचिव हुने र त्यसको सदस्यसचिवमा प्रहरी महानिरीक्षक रहने व्यवस्था छ ।

# राजस्व छलीको अभियोगमा वडाअध्यक्षविरुद्ध मुद्दा

**काठमाडौं (प्रस)–** अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पूर्वपश्चिम राजमार्गमा जोडिएको जग्गाको कम मूल्यांकन गरी राजस्व छली गरेको अभियोगमा हरिवन नगरपालिका-१० सर्लाहीका वडाअध्यक्ष शम्भुप्रसाद मैनालीसमेत तीन जनाविरुद्ध शुक्रबार विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

आयोगका सहायक प्रवक्ता देवीप्रसाद थपलियाका अनुसार राजमार्गसँग जोडिएको जग्गाको न्यूनतम मूल्यभन्दा कम राखी रजिस्ट्रेसन पास गरी हिनामिना गरेको अभियोगमा वडाअध्यक्ष मैनालीविरुद्ध नौ लाख ३६ हजार रूपैयाँ बराबरको बिगो दाबी गर्दै शुक्रबार मुद्दा दायर गरिएको हो । यस्तै आयोगले स्थानीय गौरीकुमारी र हिराकुमारी श्रेष्ठविरुद्ध पनि समान नौ लाख ३६ हजार रूपैयाँ बराबरको बिगो दाबी गर्दै मुद्दा दायर गरेको छ ।

त्यस्तै आयोगले शुक्रबार नै सरकारी साक्षीका रूपमा पेस गरिएको बाबा कृष्णाराम पशुफार्म सप्तरीका सञ्चालक बेचन यादव मगरदैताविरुद्ध २१ हजार रूपैयाँ बराबरको बिगो दाबी गर्दै मुद्दा दायर गरेको छ । विशेष अदालतमा गरेको बकपत्रमा अनुसन्धान हुँदा सरकारी साक्षीले बयानको क्रममा गलत बकपत्र गरेको पुष्टि भएकाले शुक्रबारै विशेष अअदालतमा मुद्दा दायर गरिएको आयोगले जनाएको छ ।

# छुवाछूत गर्ने गाउँपालिका अध्यक्षलाई कारवाही गर्न माग

**काठमाडौं (प्रस)-** विभिन्न राजनीतिक दलनिकट भ्रातृ संगठन र दलित संघ/संस्थाहरूले सिरहा जिल्लामा भएको छुवाछूतसम्बन्धी घटनामा संलग्न गाउँपालिका अध्यक्ष उग्रनारायण यादवलाई कारबाही गर्न माग गरेका छन् ।

नेकपा माओवादी केन्द्रनिकट नेपाल दलित मुक्ति मोर्चा, नेपाली कांग्रेसनिकट दलित सेवा संघ, नेकपा एमालेनिकट नेपाल उत्पीडित जातीय मुक्ति समाज, नेकपा एकीकृत समाजवादीनिकट नेपाल दलितमुक्ति संगठन र जातीय समता समाजलगायत १० वटा संघ/संस्थाले शुक्रबार संयुक्त विज्ञप्तिमार्फत सत्यतथ्य छानविन गरी घटनामा संलग्न निजलाई नियन्त्रणमा लिई कानुनबमोजिम कारबाही गर्न माग गरेका हुन् ।

गाउँपालिकाका अध्यक्ष यादवले आफ्नो आमाको निधनपछि १३औं दिनको पुन्य थितिको दिन यही फागुन २२ गते आयोजना गरिएको 'किरिया भोजमा' दलित र गैरदलितको लागि अलगअलग साइन बोर्ड टाँसी अलग लाइन बनाएर दलित समुदायमाथि जातीय छुवाछूत तथा भेदभावको अमानवीय व्यवहार गरेको ती संघ/संगठनको भनाइ छ ।

'सार्वजनिक पदधारण गरका व्यक्ति उपस्थित भएको स्थानमा जातीय छुवाछूतलाई संस्थागतरूपमा संरक्षण गर्ने गरी घटाइएका यस घटनाको हामी घोर भर्त्सना गर्दछौं,' विज्ञप्तिमा भनिएको छ ।

त्यसैगरी राष्ट्रिय दलित आयोग र नेपाल दलित साहित्य तथा संस्कृति प्रतिष्ठानलगायतका दलित संघ/संगठनले पनि विज्ञप्ति जारी गरी सो घटनाको भर्त्सना गरेका छन् । ती संघ/संस्थाले घटनाको स्थलगत अध्ययन गरी आवश्यक पहल गर्न राष्ट्रिय मानवअधिकार आयोग, मानवअधिकार समुदाय तथा न्याय प्रेमी नागरिक समाजलाई अपिलसमेत गरेका छन् ।

## सर्वोच्चबाट भएन...

पृष्ठ १ बाट जारी

बैठकमा प्रधानमन्त्री तथा नेकपा माओवादी केन्द्रका अध्यक्ष दाहाल, नेकपाका महासचिव नेत्रविक्रम चन्द, नेकपा क्रान्तिकारी-माओवादीका नेता सिपी गजुरेल, नेपाल समाजवादी पार्टीकी नेता हिसिला यमी, नेकपा (बहुमत)का नेता हेमन्तप्रकाश ओली, वैज्ञानिक समाजवादी पार्टीका अध्यक्ष आहुति, माओवादी केन्द्रका उपाध्यक्ष कृष्णबहादुर महरा, महासचिव गुरूङ, उपमहासचिव शर्मा, सचिव देवेन्द्र पौडेल, नेकपाका नेता खड्कबहादुर विक र नेकपा माओवादी केन्द्र समाजवादीका नेता कर्णजीत बुढाथोकीलगायत उपस्थित थिए ।

सशस्त्र युद्धमा मारिएकाहरूको विषय माओवादी अध्यक्ष एवं प्रधानमन्त्री दाहालविरुद्ध सर्वोच्च अदालतमा रिट दर्ता भएपछि माओवादीहरू एक ठाउँमा उभिएका हुन् । उनीहरूले शान्ति सम्झौताअन्तर्गत गठित आयोगको कार्यक्षेत्र मिचेर यो विषय अदालतमा पुऱ्याइनुलाई षड्यन्त्रको रूपमा व्याख्या गर्दै आएका छन् । त्यसैको प्रतिवाद गर्न माओवादी घटक एक जुट भएका हुन् । प्रधानमन्त्री दाहालविरुद्ध सर्वोच्चमा दर्ता रिटमाथि शुक्रबार पहिलो सुनुवाइ भएको छ । सर्वोच्चले उक्त रिटमा अन्तरिम आदेश दिन अस्वीकार गरेको छ । यद्यपि, मुद्दालाई अग्राधिकार प्रदान गरेको छ ।


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी: VERITAS SECURITY FORCE SDN.BHD.

पूर्व स्वीकृति मिति : २०७९/११/२६ LT. No.282303 चलानी नं.६०१९७८४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 64 | 0 | 1500 | ४३,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत ४ गते (18th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 1100/073/074

S.S.Group of management pvt.Ltd.

Subidhanagar–35, Tinkune, Kathmandu, Nepal, Tel : +977-1 - 5104681, 5104682 Ph: 9843193397 Email: ssgroup1100@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SUMBER JELAJAH SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/०६/२६ पुन विज्ञापन स्वीकृति मिति : २०७९/११/२६ LT. No. 272951 चलानी नं. ६०१८९०९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plantation Worker | 24 | 0 | 1500 | ४३,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत ४ गते (18th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

MERIDIAN OVERSEAS PVT. LTD. श्रम ईजाजत नं. ६१३/०६२/०६३

Basundhara, Kathmandu, Nepal. Tel. : +977-1-4390463,4390464, Fax No: +977-1-4390465

## बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FOOZ SPA

पूर्व स्वीकृति मिति: २०७९/११/२६ LT. No. 282396 चलानी नं. ६०१९७८६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | All Around Beautician | 0 | 4 | 150 | ५२,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत ४ गते (18th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

SPACE HR SOLUTIONS PVT.LTD श्रम ईजाजत नं. २०७१/०७९/८०

Ranibari-26, Samakhusi Kathmandu; Tel: 01-4357449, Whatsapp No.: 9803003599

E-mail: info@spacehrsolution.com, Web: www.spacehrsolution.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TRIPLE ONE GENERAL SECURITY GUARD SERVICES EST

पूर्व स्वीकृति मिति २०७९/११/२६ LT. No. 282408 चलानी नं. ६०१९७८७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 15 | 0 | 1200 | ४२,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ चैत ४ गते (18th Mar. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

NOVA INTERNATIONAL PVT. LTD. श्रम ईजाजत नं. १०१९/०६८/०६९

P.O.Box: 6859, New Baneswor, Kathmandu, Nepal. Tel:- +977-1-4785761/4784578, Fax:- + 977-1-4784571

Email: info@novainternational.com.np, URL: www.novainternational.com.np




**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

फागुन २७ गते, शनिबार

| | |
|---|---|
| **मेष** | महिला वा मित्रबाट विशेष सहयोग पाइनेछ । |
| **वृष** | दाम्पत्य सुखले प्रसन्न र प्रफुल्लित भइनेछ । |
| **मिथुन** | अभिभावकको आशीर्वादले काम गर्नसक्छ । |
| **कर्कट** | आँटेको र ताकेको कार्य पुरा होला । |
| **सिंह** | आज कुनै कुराले अनुहारमा चमक आउनेछ । |
| **कन्या** | राजनैतिक र सामाजिक कार्यमा सफलता मिल्नेछ । |
| **तुला** | नजिकको व्यक्तिबाट धोका पाइएला, सचेत रहनुहोला । |
| **वृश्चिक** | आफूसँग भएको क्षमता प्रदर्शन गर्ने अवसर जुट्ला । |
| **धनु** | काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ । |
| **मकर** | प्रणयसम्बन्ध र रतिराग बढाउने समय रहेको छ । |
| **कुम्भ** | सवारी साधन चलाउँदा वा बाटो काट्दा होस राख्नुपर्छ । |
| **मीन** | आज सद्विचारले अभिप्रेरित हुनेहरूलाई बिस्तारै लाभ हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल | ६६१२२६६ |
| किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

फागुन २७ गते, २०७९, ११ मार्च, २०२३

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३२.०६ | १३२.६६ |
| युरो | १ को | १४०.७८ | १४१.४२ |
| पाउन्ड स्टर्लिङ | १ को | १५८.९१ | १५९.६३ |
| स्विस फ्रैन्क | १ को | १४३.११ | १४३.७६ |
| अस्ट्रेलियन डलर | १ को | ८९.६६ | ९०.०७ |
| क्यानाडियन डलर | १ को | ९७.४३ | ९७.८७ |
| सिंगापुर डलर | १ को | ९८.४७ | ९८.९२ |
| जापानी येन | १० को | १०.०० | १०.०५ |
| चिनियाँ युआन | १ को | १९.०४ | १९.१३ |
| साउदी अरब रियाल | १ को | ३५.११ | ३५.२७ |
| कतारी रियाल | १ को | ३६.१६ | ३६.३२ |
| थाई भाट | १ को | ३.८१ | ३.८३ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३५.९६ | ३६.१२ |
| मलेसियन रिंगेट | १ को | २९.९८ | ३०.१२ |
| दक्षिण कोरियन वन | १०० को | १०.४९ | १०.५४ |
| स्विडिस क्रोनर | १ को | १२.६५ | १२.७१ |
| डेनिस क्रोनर | १ को | १८.९३ | १९.०२ |
| हङकङ डलर | १ को | १६.९३ | १७.०१ |
| कुवेती दिनार | १ को | ४३१.५० | ४३३.४६ |
| बहराइन दिनार | १ को | ३५०.२५ | ३५१.८४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।



**मनाङमा हिमपात** | मनाङमा भएको हिमपात । हिमपातका कारण यहाँको जनजीवन कष्टकर बनेको छ । *तस्बिरः नवीन लामिछाने/रासस*

# रसुवाको हिमाली भेगमा आन्तरिक पर्यटक बढ्दो

■ प्रभाव संवाददाता

**रसुवा-** रसुवाको हिमाली क्षेत्रमा आन्तरिक पर्यटकको आगमन क्रमशः वृद्धि हुन थालेको छ । हिमाल अवलोकनका लागि बाह्य पर्यटक मात्र आगमन हुने धार्मिक एवं पर्यटकीय क्षेत्र गोसाइँकुण्डका साथै लाङटाङस्थित क्याङ्जेन, तामाङ सम्पदा मार्गअन्तर्गत गतलाङ र नाकथलीलगायत क्षेत्रमा पछिल्लो समय बाक्लो संख्यामा आन्तरिक पर्यटकको पनि आगमन हुन थालेको हो ।

रसुवास्थित लाङटाङ राष्ट्रिय निकुञ्ज कार्यालयको तथ्यांकअनुसार गत साउनदेखि हालसम्म १२ हजार ६८० आन्तरिक पर्यटकको आगमन भइसकेको र पछिल्लो समय दैनिक २० भन्दा बढी पर्यटकको आगमन भइरहेको छ ।

हिमाली क्षेत्रमा पुगेका विदेशी पर्यटकका लागि खान र बस्न सुविधा पुऱ्याउने उद्देश्यका साथ वि.सं. २०३५ देखि लाङटाङको क्याङ्जेनबाट सुरू गरिएको होटल व्यवसाय अहिले पैदलमार्गका विभिन्न स्थानमा सञ्चालनमा छन् ।

पहिलो पर्यटन व्यवसायी स्व. रेञ्जेनदोर्जे तामाङ ज्याङ्वाले चौँरी गोठबाट होटल तथा लज शुभारम्भ गरेको स्थानीय लाङटाङवासीले बताए । गत साउनदेखि माघ मसान्तसम्म सार्क राष्ट्रका २४५ एवं अन्य देशका चार हजार ७०५ जनासमेत गरी चार हजार ९५० जनाले निकुञ्जको हिमाली क्षेत्रमा भ्रमण गरेको निकुञ्जका प्रमुख संरक्षण अधिकृत प्रमोद भट्टराईले जानकारी दिए ।

उनका अनुसार निकुञ्ज क्षेत्रमा पर्यटकको प्रवेश शुल्कका साथै अन्य गतिविधिबाट कूल एक करोड ८० लाख २० हजार ६६४ रूपैयाँ आम्दानी भएको छ । गत आवमा एक करोड ७५ लाख २३ हजार ६१४ रूपैयाँ संकलन गरेको निकुञ्जले यस वर्षको सात महिनाकै अवधिमा उल्लेखनीय राजस्व वृद्धि गर्न सफल भएको निकुञ्जका वन प्राविधिक सुनिल राउतले जानकारी दिए ।

वि.सं. २०७२ को भूकम्पपछि फाट्टफुट्ट आगमन सुरू भएको आन्तरिक पर्यटकको संख्या हिजोआज निकै वृद्धि भएको र यो हिसाबले बढ्ने हो भने आगामी दिनमा वार्षिक २० हजारभन्दा बढीको आगमन हुने पर्यटन व्यवसायीले अपेक्षा गरेका छन् । पर्यटकका लागि गुणस्तरीय बासस्थान मिलाउन उत्तरी रसुवाका विभिन्न स्थानमा साना ठूला ३०० भन्दा बढी पर्यटकीय होटल सञ्चालन भइरहेको होटल व्यवसायी संघका जिल्ला अध्यक्ष रामशरण गजुरेल (निसान)ले बताए ।

यस्तै आकाशमार्गबाट हिमाली सम्पदाको अवलोकन र पवित्र तीर्थ गोसाइँकुण्डको स्नानका लागि हेलिकप्टर प्रयोग गर्ने यात्रुको संख्यासमेत क्रमशः बढ्न थालेको छ । हेलिकप्टरको उडान भर्ने प्रायः सबै एयरलाइन्सले सेवा दिने गरेका कारण पवित्र तीर्थमा ज्येष्ठ नागरिकलाई लगेर स्नान र पूजाआजा गराउन सहज भएको गोसाइँकुण्ड क्षेत्र विकास समितिले जनाएको छ ।

हेलिकप्टर कम्पनीले उडान भरेबापत कम्पनीको आयवृद्धि हुनाका साथै राज्यकोषमा अवतरण शुल्कबापत राजस्वसमेत दाखिला हुँदै आएको छ । विभिन्न नौवटा यात्रुवाहक हेलिकप्टर कम्पनीले काठमाडौं-गोसाइँकुण्डको उडान-अवतरण शुल्कबापत नौ लाख ६७ हजार ६५० रूपैयाँ गत वर्ष राज्यकोषमा दाखिला गरिसकेको निकुञ्ज कार्यालयले जनाएको छ ।

गत साउनदेखि पुस मसान्तसम्मको अवतरण शुल्कबापत पाँच वटा कम्पनीबाट दुई लाख ५२ हजार रूपैयाँ राजस्व दाखिला भइसकेको र राजस्व दाखिला नगर्ने कम्पनीलाई भने ताकेता गरिहेको जनाइएको छ ।

# मासिँदै सिमल, लोप हुँदै गिद्ध

■ ध्रुवसागर शर्मा

**गलेश्वर-** हिमाली तथा उच्च लेकाली क्षेत्रबाट सिमल प्रजातिको वनस्पति मासिँदै गएको छ । वि.सं. २०६४ मा वन मन्त्रालयले सिमल कटानमा फुकुवा गरेकाले सिमल मासिँदै गएको हो ।

सिमल मासिएसँगै पर्यावरणमासमेत प्रत्यक्ष असर पर्ने गरेको र गिद्धसमेत मासिएको जानकारहरूले बताए । 'वन मन्त्रालयले सिमल कटानमा फुकुवा गरेपछि एकदशक बित्न नपाउँदै सिमल सखाप भए,' म्याग्दी डिभिजनल वन कार्यालयका निमित्त अधिकृत चन्द्रमणि सापकोटाले भने, 'अहिले सिमल कमै मात्र देख्न पाइन्छ ।'

सिमल बहुउपयोगी वनस्पति हो । समुद्री सतहबाट एक हजार ४०० मिटरको उचाइमा पाइने यो रुखलाई अंग्रेजीमा सिल्क-कटन ट्री, रेड-कटन ट्री, कटन ट्री पनि भनिन्छ । औषधीय गुण भएको यो वनस्पति मासिने क्रमले लोपोन्मुख वनस्पतिका रूपमा पुगेको उक्त कार्यालयले जनाएको छ ।

पछिल्लो समय देशभर नै सिमल मासिँदै छ । सिमल मासिएसँगै गिद्ध, अन्य ठूला चरा पनि विस्तारै लोप हुँदै गएका छन् । सिमलको बोक्राको लेप हात, खुट्टा मर्केको स्थानमा लगाए ठीक हुन्छ, चोट लागेर रगत बगेमा यसको रसले रोक्छ । यसको दानाबाट गम र साबुन बनाइन्छ भने भुवा रगत सफा गर्नसमेत प्रयोग गरिन्छ ।

वि.सं. २०४९ मा सिमल कटानमा सरकारले पूर्णप्रतिबन्ध लगाएको थियो तर सरकारले नै २०६४ मा कटानमा फुकुवा गरेकाले मासिँदै गएको अधिकृत सापकोटाले बताए ।

सिमललाई 'बम्बाक्स सेइबा' पनि भनिन्छ । यो वैज्ञानिक नाम हो । सन् १७५३ मा प्रकाशित स्पेसिस प्लान्टारम् पुस्तकमा उल्लेख भएअनुसार स्वीडेनका वनस्पतिविद् एवं जीवशास्त्री कार्ल लिन्नियसले यो नाम जुराएका थिए ।

औषधिजन्य वनस्पतिबारे लेखिएका पुस्तक तथा लेखअनुसार सिमलका विविध भाग विभिन्न शारीरिक समस्यामा लाभदायक हुन्छन् । यसको पात निचोरेर काटेको ठाउँमा दल्दा चाँडै निको हुन्छ । यस्तै टाउको दुख्दा यसको पातको रस एक/दुई चम्चा पिउँदा आराम मिल्छ । सन् २००२ मा प्रकाशित ' प्लान्ट्स एण्ड पिपल अफ नेपाल' पुस्तकमा नारायणप्रसाद मानन्धरले सिमलको बोक्रा पिसेर छानिएको झोल खोकी र अपचको समस्यामा उपयोगी हुने उल्लेख गरेका थिए ।

सिमलको जरा गुलियो हुन्छ । कलिलो जरा पिसेर बनाएको रसले बन्द पिसाब खुलाउँछ । ज्वरोमा पनि जराको रस सेवन गराइन्छ । अनुसन्धानात्मक लेखअनुसार सिमलको बोक्रा तथा काण्डको पाउडरलाई दमको उपचारमा पनि प्रयोग गर्ने गरिएको छ ।

आयुर्वेदिक चिकित्सक डा. जीवन शर्मा आचार्यका अनुसार महिनावारी गडबडी भएका महिलालाई सिमलको बोक्रा र फूलको मुख्य भाग मिसाएर सेवन गराउँदा फाइदा हुन्छ । धेरैजसो अनुसन्धानात्मक लेखमा सिमललाई यौनसम्पर्कबाट सर्ने केही समस्या नियन्त्रण गर्न प्रयोग गरिने उल्लेख छ । यसलाई विशेषतः योनीबाट बग्ने सेतो चिपचिपे पदार्थ रोक्न प्रयोग गरिएको बताइन्छ ।

वन तथा वनस्पति विज्ञ नरहरि आचार्य र राजेश तामाङद्वारा लिखित 'इथ्नोबोटानी अन चेपाङ कम्युनिटी इन नेपाल' (सन् २०१७) शीर्षकको पुस्तकअनुसार चेपाङ समुदाय पेट दुख्ने र आउँको समस्यामा सिमलको फूल र खोटो प्रयोग गर्छन् ।

सिमलको विभिन्न भागलाई यो समुदायले औषधिका रूपमा प्रयोग गर्छ । उल्लिखित अध्ययन र उदाहरणले सिमल औषधिजन्य जडीबुटी रहेको देखाए पनि वनस्पति र जडीबुटी अनुसन्धानकर्ताले अक्सर फलानो समुदायले फलानो वनस्पति फलानो समस्या हटाउन प्रयोग गर्छन् भन्ने मात्र लेख्दै आएका छन् ।

स्वदेशी तथा विदेशी व्यापारीले कम राजस्व तिरेर हाम्रा वनस्पति विदेश निर्यात गर्छन् र तिनै जडीबुटीबाट बनाइएका औषधि हामी महँगो दाममा खरिद गरिरहेका छौं । कतिसम्म भने, निकासी हुने हाम्रा केही वनस्पति कुन प्रजाति हो भन्ने राम्ररी यकीनसमेत नगरी व्यापारीलाई छोडपुर्जी दिने गरिएको छ ।

हाम्रा जडीबुटी आफैंले खपत गरी पर्याप्त औषधि उत्पादन गरेर आत्मनिर्भर बन्नसक्ने सम्भावना छ । सिमल नासिएसँगै वातावरणमासमेत असर परेको बताइन्छ । वातावरण सन्तुलन र प्रदूषण नियन्त्रणको कुचिकारका रूपमा यसलाई लिने गरिन्छ । 'डाइक्लोफेनिक' औषधि खुवाइएका पशु मरेपछि गिद्धले खाँदा गिद्ध मर्ने भएकाले राज्यले गिद्धको संरक्षणका लागि उक्त औषधि बिक्री वितरणमा २०६३ साल जेठदेखि प्रतिबन्ध लगाएको थियो । विश्वमा ३२ प्रजातिका गिद्ध पाइने गरेकामा एसियामा नौ र नेपालमा मात्रै आठ प्रजातिका पाइन्छ । पछिल्लो समय गिद्ध पनि लोपोन्मुख भइसकेको छ । *रासस*

# प्राधिकरणले फुकुवा गऱ्यो श्री एयरलाइन्सको उडान

**काठमाडौं (प्रस)-** नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले श्री एयरलाइन्सको उडान फुकुवा गरेको छ । प्राधिकरणका प्राविधिकबाट उक्त एयरलाइन्सको उडानमा रहेका जहाजको शुक्रबार प्राविधिक सुरक्षा जाँचपछि उडान फुकुवा गर्ने निर्णय गरेको हो ।

प्राधिकरणले शुक्रबार बिहान श्री एयरलाइन्सलाई जहाजको इन्जिन सुरक्षा जाँच नसकिएसम्म उडान नगर्न निर्देशन दिएको थियो । प्राधिकरणका प्रवक्ता जगन्नाथ निरौलाका अनुसार प्राधिकरणले दिएका सुझावको कार्यान्वयन गर्ने गरी एयरलाइन्सको उडान फुकुवा गरिएको छ ।

'श्री एयरलाइन्सको उडान फुकुवा भयो, तर एयरलाइन्सले सेफ्टी म्यानेजमेन्ट सिस्टम लागू गर्नुपर्छ र आज (शुक्रबार) प्राविधिक जाँचपछि देखिएका विषय र प्राधिकरणका सुझाव पालना गर्नुपर्ने सर्तमा उडान फुकुवा गरिएको हो,' उनले भने ।

श्री एयरलाइन्सका व्यवस्थापक अनिल मानन्धरले प्राधिकरणबाट पुनःउडान अनुमति पाएसँगै शनिबारदेखि नियमित उडान सञ्चालन गरिने बताए । उनले शुक्रबार भने, ' प्राधिकरणले आजै पुनःउडान सञ्चालनको अनुमति दिएको छ । अबेर साँझ निर्णय आएकाले भोलि शनिबारदेखि मात्रै उडान गर्ने निर्णय भएको छ ।'

व्यवस्थापक मानन्धरका अनुसार प्राधिकरणको विज्ञ टोलीले उडानमा रहेका श्रीका सबै जहाजको प्राविधिक जाँच, इन्जिनियरिङ अपरेसन, सुरक्षा तथा कम्पनीको वित्तीय स्थिति र प्रशासनिक क्षमतासमेतको अध्ययन गरेको थियो । शुक्रबारका लागि पूर्वनिर्धारित सबै १४ उडान स्थगित भएको र यसबाट करिब दुई हजार यात्रु मर्कामा परेको कम्पनीले जनाएको छ ।

बिहीबार काठमाडौंबाट भैरहवा उडान भरेको जहाजको इन्जिनमा आगो लागेको संकेत देखिएपछि उक्त जहाजलाई पुनः त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमै फर्काएर सुरक्षित अवतरण गरिएको थियो । श्री एयरलाइन्सका साना-ठूला गरी आठ वटा जहाज छन् । तीमध्ये चार वटा मात्रै सञ्चालनमा छन् ।

# पाँच वर्षभित्र प्रत्येक घरमा खानेपानीको धारा पुऱ्याइने

**जाजरकोट-** बारेकोट गाउँपालिकाले पाँच वर्षभित्र प्रत्येक घरमा खानेपानीको धारा पुऱ्याउने उद्देश्यका साथ कामको सुरु गरेको छ । सबैलाई सफा खानेपानी पिउने उपलब्ध गराउने उद्देश्यसहित कामको थालनी भएको गाउँपालिकाका अध्यक्ष वीरबहादुर गिरीले बताए ।

गाउँपालिकाले वडा नम्बर १, २ र ३ बाट कामको सुरुआत गरेको उनको भनाइ छ । यी वडामा हेल्पिटास नेपाल, गाउँपालिका र पहाडी क्षेत्र विकास अभियानको सामाजिक परिचालनमा ४३१ घरधुरीमा चालु आर्थिक वर्षभित्र खानेपानीको धारा जडान गर्ने लक्ष्य लिइएको छ ।

यो कार्यक्रम खारी, बयाल, बूढागाउँ, सिल्पाचौर, तलिआग्र, लिम्सामा लक्षित छ । कूल दुई करोड २९ लाख ५९ हजार रूपैयाँ लागतमा योजना सञ्चालन गरिएको हो । त्यस्तै बारेकोट-२ का ध्यारगाउँ, गैरागाउँ, कुनाउटा, रोकायगाउँका १२८ घरधुरीमा धारा जडानका लागि ८० लाख रूपैयाँ बजेट बिनियोजन गरिएको छ ।

वर्षौंदेखि खानेपानीको अभावमा समस्या भोग्दै आएका यहाँका सर्वसाधारण घरमै खानेपानीको धारा जडान हुन थालेपछि खुसी भएको बारेकोट-२ का स्थानीय पदम रोकायले बताए । गाउँपालिकाको सहकार्यमा सबै वडामा खानेपानी पुऱ्याउनका लागि आफूहरू लागिपरेको परिचालनको क्षेत्रमा काम गरिरहेको पहाडी क्षेत्र विकास अभियानका प्रदीपजंग शाहको भनाइ छ ।

हाल गाउँपालिकाले जलउपयोग योजना निर्माण गरिरहेको छ । जनसंख्या वृद्धि, पानीको बहुउपयोग, स्रोतको अभाव, जलवायु परिवर्तनलगायत कारणले सीमित पानीको स्रोतले मानिसको आवश्यकता परिपूर्ति गर्नुपर्ने अवस्था रहेकाले गुरुयोजना निर्माण गर्न लागिएको गाउँपालिका अध्यक्ष गिरीको भनाइ छ ।

पानीलाई आवश्यकताका आधारमा प्राथमिकता निर्धारण गरी पानीलाई कसरी उपयोग गर्ने भन्ने विषयमा बृहत् योजना बनाएर कार्यान्वयन गर्दै लैजाने उनको भनाइ छ । यसले पानीको सही सदुपयोग गर्दै पानीसँग सम्बन्धित विवाद पनि समाधान हुने उनको विश्वास छ ।

जलउपयोग गुरुयोजना जलस्रोतको एकीकृत विकासका लागि स्थानीय समुदायले सहभागितामूलक र समावेशी पद्धति अपनाएर जलस्रोतको योजना तर्जुमा र व्यवस्थापन गर्ने प्रक्रिया हो । यो प्रक्रियाले गाउँपालिकाभित्र भएका प्रयोग हुनसक्ने सम्भावित पानीका स्रोतको लेखाजोखा गर्नेछ ।

पानीका मूल अहिले के प्रयोजनका लागि प्रयोग भइरहेका छन् ? आगामी दिनमा ती पानीको मुहानलाई के काममा प्रयोग गर्न सकिन्छ ? यसको पनि समुदायकै सहभागितामा लेखाजोखा गरिने भएकाले बारेकोट गाउँपालिकाभित्र यसको सबै अध्ययन हुने अध्यक्ष गिरीले बताए ।

'स्थानीयस्तरमा जलस्रोतको प्रभावकारी तथा न्यायोचित ढंगले पानीको उपयोग गर्न एकीकृत योजनाको विकास गर्नु नै यसको उद्देश्य हो,' उनले भने, 'पानीको सही उपयोग र न्यायोचित बाँडफाँट र दिगो प्रयोगको सुनिश्चित हुनेछ ।'

जलउपयोग गुरुयोजना तयार भएपछि गाउँपालिकाको नेतृत्व लिएर सरकारी तथा गैरसरकारी निकायको समन्वयमा पानीसम्बन्धी विभिन्न आयोजनाको कार्यान्वयन गर्न थप सहज हुने विश्वास लिइएको छ । *रासस*


**वन पैदावार (काठ) बोलपत्रद्धारा लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति :२०७९/११/२७**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम उत्पादन भइ जिल्ला वन पैदावार आपूर्ति समितिबाट फिर्ता भएको घाटगद्दीमा लट बनाई राखिएको साल जातको लट नं.१ देखि लट नं.२ सम्मको गोलिया थान १६० को २३६३.०८ घनफिट काठ जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत भएको गोलिया काठ चिरान गर्ने स:मिल र काठ, दाउरालाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**जनप्रिय सामुदायिक वन उपभोक्ता समूह**
**बागमती–३, मकवानपुर**



**Hariharpurgadhi Rural Municipality**
**Office of The Rural Municipal Executive**
**Jhanjhane, Sindhuli**
**Bagmati Pradesh, Nepal**

**Invitation for Sealed Quotation for the Procurement of Lab Equipment and Chemicals.**

**Sealed Quotation No: HRM/SQ/HEALTH/01/079/080**

***First Date of Publication: 27/11/2079***

1. The Hariharpugadhi Rural Municipality invites sealed quotations from registered Suppliers for the supply, delivery and installation of Lab Equipment and chemicals.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Hariharpugadhi Rural Municipality, Office of the Rural Municipal Executive, Jhanjhane, Sindhuli or contact 9854045246 for further clarification.
3. A complete set of Bidding Documents may be purchased from the office of Hariharpugadhi Rural Municipality, Jhanjhane, Sindhuli by submission of a written application, along with the copy of company/ firm registration certificate,Vat/Pan registration certificate, tax clearance of 2078/079 and upon payment of a non-refundable fee of NRs. 1000.00 (One thousand) till 15th days from publication date, during office hours or cash should be deposited in the following Bank and submit the receipt of the deposited amount of voucher along with the Sealed Quotation.
   **Name of the Bank: Citizens Bank International Pvt.Ltd.**,
   **Name of the Office: Hariharpurgadhi Rural Municipality**, **Sindhuli,**
   **Antarik rajashwo Khata no: 0730100000001202**
4. Sealed bids must be submitted to the office of Hariharpugadhi Rural Municipality, Office of the the Rural Municipal Executive, Jhanjhane, Sindhuli by hand to authorized representative or owner of the company/ Firm at 16th days on before 12pm. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidder's representatives who choose to attend at 16th days on 2PM, at the office of Hariharpugadhi Rural Municipality, Office of the the Rural Municipal Executive, Jhanjhane, Sindhuli.
6. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by bid security, amounting to a minimum of Rs.50000.00, which shall be valid for 30 days beyond the bid validity period.
7. If bidder wishes to submit the Bid Security in the form of cash, bidder has to deposit cash in Deposit Dharauti khata No.07301000023201, Citizens bank International Pvt.Ltd. Hariharpurgadhi Branch of Hariharpurgadhi Rural municipality and submit bank deposit voucher with the Sealed Quotation.
8. If the last date of purchasing, submission and openings falls on a government holiday then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The Purchaser reserves the right to accept or reject, completely or partially any or all the Sealed Quotations without assigning any reason, whatsoever.
10. Goods must to be delivered & installed at the Hariharpugadhi Rural Municipality, Jhanjhane, Sindhuli.
11. The name and identification of the contract are as follows:

| S.N. | Tender No. | Description of Goods | Bid Security | Bid Fee |
|---|---|---|---|---|
| 1. | HRM/SQ/ HEALTH/01/079/080 | Supply and installation of Lab Equipment and Chemicals. | Rs.50,000.00/- | Rs. 1,000.00 |

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### अभिभावकीय भूमिकाको अपेक्षा

**मुलुकले तेस्रो राष्ट्रपति पाएको छ । राष्ट्रपति चयनका लागि बिहीबार सम्पन्न मतदानबाट नेपाली कांग्रेसका वरिष्ठ नेता एवं पूर्वसभामुख रामचन्द्र पौडेल राष्ट्रपतिमा निर्वाचित भएका हुन् । विगत ६ दशकयता सक्रिय राजनीति गरेका पौडेल समकालीन पाका नेतामध्येमा पर्छन् । पञ्चायतविरोधी गतिविधिमा संलग्न हुँदै २०४८ सालदेखि उनी संसदीय राजनीतिमा क्रियाशील रहँदै आएका छन् । पार्टी र देशको प्रमुख कार्यकारी नेतृत्वमा पुग्न निरन्तर संघर्ष गरेका उनी त्यसमा असफल रहे । तर, राजनीतिक जीवनको उत्तरार्द्धमा मुलुकको राष्ट्रपतिजस्तो गरिमामय पद हासिल गर्न सफल भए । यसलाई उनको राजनीतिक जीवनको सुखद अन्त्य मान्न सकिन्छ ।**

**पौडेल संसदीय व्यवस्था, संविधान र लोकतन्त्रको पक्षमा निरन्तर उभिँदै आएका नेता हुन् । उनको त्यही अडानले गणतन्त्र नेपालको तेस्रो राष्ट्रपति बन्ने बाटो खोलेको हो । पटक–पटक मन्त्रीदेखि सभामुखसम्मको जिम्मेवारी सम्हालिसकेका उनी अनुभवी र पाका नेता हुन् । समकालीन नेताहरूको तुलनामा उनी कम विवादित नेता पनि हुन् । उनमा अहिलेसम्म कुनै पनि प्रकारको गम्भीर दाग लागेको छैन । त्यसैले पनि उनी आठदलीय गठबन्धनको साझा उम्मेदवार बन्न सफल भएका हुन् ।**

**राष्ट्रपतिको उम्मेदवार बन्दै गर्दा र राष्ट्रपति निर्वाचित भएपछि पनि उनले राष्ट्रपति पदको गरिमा जोगाउने प्रतिबद्धता जनाएका छन् । उनले भनेका छन्, 'गणतन्त्र नेपालको राष्ट्राध्यक्ष कस्तो हुनुपर्छ भन्ने म देखाउँछु ।' पौडेलको यो भनाइको संकेत वर्तमान तथा पूर्वराष्ट्रपतिको विवादित भूमिकातर्फ हो । राष्ट्रपति पदमा रहेका व्यक्ति कुनै पार्टीप्रति झुकाव राख्न मिल्दैन, निष्पक्ष रहनुपर्छ । तर, त्यस्तो निष्पक्ष भूमिका वर्तमान र पूर्वराष्ट्रपतिबाट नपाएकै हो । त्यसैलाई उदाहरणको रूपमा लिएर पौडेलले म निष्पक्ष भूमिका खेल्छु भन्न खोजेको बुझ्न सकिन्छ । तर, उनको यो भनाइ व्यवहारमा साँच्चिकै देखिने हो कि होइन, त्यो भविष्यमा देखिने नै छ ।**

**नेपालको संविधानले राष्ट्रपतिलाई कार्यकारी भूमिका दिएको छैन । राष्ट्रपतिको प्रमुख भूमिका संविधानको रक्षा गर्नु हो । संविधानविपरीत सरकार अगाडि बढ्न खोजे रोक्ने काम राष्ट्रपतिको हुन्छ । तर, विगतमा आफू अनुकूल दलको सरकारले ल्याएका जुनसुकै विधेयकहरू आँखा चिम्लेर प्रमाणीकरण गरिदिँदा राष्ट्रपतिको भूमिकामाथि प्रश्न उठ्ने अवस्था आएको थियो । त्यसले राष्ट्रपति पदप्रतिको सम्मान र उक्त पदको ओझ नै घटाएको थियो । त्यसैले नवनिर्वाचित राष्ट्रपति पौडेलले त्यसलाई सच्याउँदै पुनः यो पदको गरिमा जोगाउन प्रमुख भूमिका खेल्नुपर्छ । मुलुक र जनतालाई अभिभावकीय भूमिकाको अनुभूति दिलाउन सक्नुपर्छ । यही शुभेक्षासहित नवनिर्वाचित राष्ट्रपति पौडेललाई सफल कार्यकालको हार्दिक शुभकामना !**

# एसिड आक्रमणको मनोवैज्ञानिक असर



निगम कोइराला

एसिड आक्रमणबाट हुने मनोवैज्ञानिक असर जस्तैः डर, त्रास, चिन्ता, निराशा र मानसिक आघातलाई न्यूनीकरण गर्न राज्यबाट यथोचित सहयोग र सद्भाव प्रदान गर्नुपर्दछ । त्यस्तै सम्पूर्ण नागरिकहरूले व्यक्तिगतरूपमा त्यस्ता पीडितहरूलाई साथ र सहयोग दिनुपर्दछ । उनीहरूलाई आवश्यक पर्ने उपचार तथा मनोसामाजिक र मनोवैज्ञानिक परामर्श निःशुल्करूपमा प्रदान गरिनुपर्छ ।

कुनै पनि मानिसको अनुहार वा शरीरमा अर्को व्यक्तिले अंग कुरूप गराउने वा हत्या गर्ने उद्देश्यले एसिड फयाँक्ने गरिन्छ भने त्यसलाई सरल भाषामा 'एसिड आक्रमण' भनेर बुझिन्छ । यसरी जानाजानी अरुको शरीरमा एसिड फयाँकेर आक्रमण गर्नु जघन्य अपराध हो । एसिड आक्रमणका पीडितको तत्काल उद्धार गरी उसले सही उपचार पाउन सकिएमा एसिडले पुऱ्याएको शारीरिक क्षति कम गर्न सकिन्छ । तर, उसको शरीरमा हुने एसिड जलनको घाउको खत र उसमा पर्ने मानसिक तथा भावनात्मक क्षतिलाई न त पूर्णरूपमा मापन गर्न सकिन्छ न त यसको उपचार नै सहज र सरल हुन्छ । यस्ता घट्नाले पीडितको भविष्य डामाडोल पार्नुका साथै उनीहरूको आशा र सपनाहरूलाई पूर्णरूपमा नष्ट पार्दछ । यसले पीडितको पहिचान, आत्मसम्मान र विश्वासलाई ह्रास गराउँछ । एसिड आक्रमणले पीडितमा कस्तो मनोवैज्ञानिक असर पार्दछ र त्यस्तो अवस्थामा पीडितमा पर्ने मनोवैज्ञानिक असरलाई कसरी न्यूनीकरण गर्न सकिन्छ भन्न बारे यो लेख लक्षित गरिएको छ ।

विश्वमा घट्ने अधिकांश एसिड आक्रमणका घट्ना महिलाहरूमाथि हुने गरेको पाइन्छ । त्यसमाथि पनि एसिड आक्रमणका अधिकांश घटना दक्षिण एसियाली मुलुकहरूमा हुने गरेको देखिन्छ । यस्ता घट्ना अक्सर प्रेम वा यौन प्रस्तावलाई अस्वीकार गर्ने महिलाविरूद्ध बदलाको रूपमा पुरुषले गर्ने गरेको पाइएको छ । यस किसिमका आक्रमण नियाल्दा समाजमा विद्यमान लैंगिक असमानता, पुरुषप्रधान सोच, महिलाको सामाजिक, शैक्षिक तथा आर्थिक हैसियत कम हुनु आदि कारक तत्वको रूपमा देखिन्छन् ।

विश्वका हरेक राष्ट्रले एसिड आक्रमणको प्रतिवेदन तयार गर्दै आएका छन् र त्यसमध्ये विकासशील राष्ट्रहरू जस्तैः बंगलादेश, कम्बोडिया, पाकिस्तान, भारत, अफगानिस्तान आदि राष्ट्रहरूमा बढी संख्यामा एसिड हिंसा हुने गरेको पाइन्छ । एसिड आक्रमणको घटना नेपालमा खासै सुनिँदैनथ्यो, तर केही वर्षयता यो समस्या बढ्दै आइरहेको छ । एसिड आक्रमणको सिकार बनेकामध्ये अधिकांश पीडितहरू आर्थिकरूपमा न्यून वर्गका छन् ।

केही वर्षअघि कालोपुल, काठमाडौं बस्ने जेनी खड्का (पीडितको स्वीकृतिमा सही नाम उल्लेख गरिएको) आफ्नै श्रीमान्बाट एसिड आक्रमणमा पर्दा उनको गर्धन, छाती र हात पूरै प्रभावित हुनपुग्यो । १४ वर्षको हुँदै आफूभन्दा २० वर्ष जेठो पुरुषसँग बिहे गरेकी जेनीले आफ्नो बालापन पनि राम्ररी अनुभव गर्न पाएकी थिइनन् । श्रीमान्बाट पनि माया र सद्भाव पाउन सकिनन् । कलिलो उमेरमै उनले अपमान र दुःख मात्रै पाइनन् एसिडको पीडा पनि भोग्नुपऱ्यो । सानैमा बिहे हुनु, पढाइ पूरा गर्न नपाउनु, घरबार सम्हाल्नुपर्ने जिम्मेवारीले दिएको मानसिक तनाव त छँदै थियो त्यसमाथि एक्कासि सोच्दै नसोचेको पीडा भोग्नुपर्दा उनलाई सुरुमा आत्महत्या गर्ने सोच पनि आएको थियो । एसिड आक्रमणको कारण कारण शारीरिक पीडा त छँदै थियो त्यसमाथि आर्थिक अवस्था कमजोर भएकोले अस्पतालमा उपचारको खर्च जुटाउन नसक्दा मानसिक पीडा झनै थपिएको थियो । विभिन्न व्यक्ति तथा संस्थाको प्रेरणा र सहयोगले जेनीले जसोतसो एसिड आक्रमणको पीडालाई केही हदसम्म भुल्न सफल भएकी छन् भने भविष्यमा यसरी अन्यायमा परेका महिलाहरूको हक हितका लागि लड्ने प्रण लिएकी छन् ।

जेनी त एक प्रतिनिधि पात्र मात्र हुन् । उनीजस्तै नेपालमा थुप्रै महिलाहरू एसिड आक्रमणमा परेर पीडादायी जीवन जिउन बाध्य भएका छन् । नेपालमा एसिड आक्रमणमा परेकाहरूको अध्ययन गर्दा उनीहरूले मूलतः तीनथरीको अवस्थामा आउने परिवर्तनका कारण मानसिक चिन्ता हुने देखिएको छ- शारीरिक, आर्थिक र सामाजिक अवस्था । एसिड छ्याप्नेहरूमध्ये धेरैले पीडितको अनुहारलाई क्षतविक्षत बनाउने उद्देश्यले छ्यापेको देखिन्छ । यसले पीडितको अनुहारलाई नै कुरूप बनाइदिन्छ । कतिले आँखा गुमाएका छन् भने कतिको कान नै विलुप्त भएको देखिन्छ । त्यस्तै कतिले हात गुमाएका छन् । एसिडको प्रभावले धेरैले श्वासप्रश्वास र आँखासम्बन्धी दीर्घरोगबाट ग्रसित भएको पाइएको छ । यसरी अनुहार कुरूप हुँदा, अंगभंग हुँदा र विभिन्न रोग लाग्दा उनीहरू मानसिकरूपमा विक्षिप्त हुन्छन् । यसैको कारण कतिले आत्महत्याको प्रयाससमेत गरेको भेटिन्छ ।

